# आयोजनाको प्रस्ताव तथा  छनोट प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२

कर्णाली प्रदेश सरकार

**कर्णाली प्रदेश योजना आयोग**

वीरेन्द्रनगर, सुर्खेत

# आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२

**मन्त्रिपरिषद्बाट स्वीकृत मितिः** २०८२।०६।२८

**प्रस्तावनाः** प्रदेश सरकारले सञ्चालन गर्ने विभिन्न प्रकारका विकास निर्माणसँग सम्बन्धित आयोजनाको पहिचान, प्रस्ताव, विश्लेषण, मूल्याङ्कन, प्राथमिकीकरण र छनोट प्रक्रियालाई वस्तुनिष्ठ एवम् माग र आवश्यकतामा आधारित बनाई उपलब्ध स्रोत साधनको उच्चतम् उपयोग हुने गरी विनियोजन कुशलता कायम गर्न र आयोजना छनोट प्रक्रियामा सम्बद्ध पक्षको सहभागिता तथा जवाफदेहीता बढाउदै आयोजना अनुशासन कायम गरी समग्र आयोजना छनोट प्रक्रियालाई व्यवस्थित, प्रणालीबद्ध तथा संस्थागत गर्न वाञ्छनीय भएकोले,

❋कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "आयोजना" भन्नाले प्रदेशको आर्थिक, सामाजिक विकासको लागि कुनै विषय क्षेत्रमा निश्चित लागत तथा समयावधिभित्र खास उद्देश्य र लक्ष्य प्राप्तिको लागि सञ्चालन गरिने विकास निर्माणसँग सम्बन्धित आयोजनालाई सम्झनु पर्छ।

(ख) "आयोग" भन्नाले कर्णाली प्रदेश योजना आयोग सम्झनु पर्छ।

---

❋ दोस्रो संशोधनद्वारा संशोधित

(ग) "आयोजना बैङ्क" भन्नाले कर्णाली प्रदेश योजना आयोग मार्फत् सञ्चालित प्रदेश आयोजना बैङ्कलाई सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले आयोजना कार्यान्वयन गर्ने जिल्ला स्थित कार्यालय वा निर्देशनालय वा अन्य कुनै निकाय सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(छ) "विषयगत मन्त्रालय" भन्नाले प्रदेश योजना छनोट तथा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी भएका प्रदेश सरकारका विषयगत मन्त्रालय सम्झनु पर्छ।

(ज) "सरोकारवाला" भन्नाले आयोजनासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय लाभग्राही समूह, सार्वजनिक संस्था तथा सामुदायिक संघसंस्था लगायतलाई सम्झनुपर्छ।

⌘(झ) "साना सिँचाई" भन्नाले रू. दश लाखसम्मका सिँचाई आयोजना सम्झनु पर्छ।

## परिच्छेद-२

## आयोजना माग प्रस्तावका आधार र प्राथमिकताका क्षेत्र

३. **आयोजना प्रस्तावको क्षेत्रगत आधारः** (१) प्रदेशस्तरीय आयोजना प्रस्ताव गर्दा अनुसूची-१ बमोजिम विषयगत क्षेत्रको आधारमा विभाजन गर्नु पर्नेछ।

(२) आयोजना प्रस्तावका विषय क्षेत्रगत आधार देहायबमोजिम हुनेछन्:

**(अ) सामान्य आधारः**

(क) प्रदेशको तीब्र आर्थिक वृद्धिमा पुऱ्याउने योगदान,

(ख) विकास निर्माणमा जनसहभागिताको योगदान,

(ग) दिगो विकासका समग्र लक्ष्य हासिल गर्न पुऱ्याउने सहयोग,

---

⌘ दोस्रो संशोधनद्वारा थप

(घ) सामाजिक समावेशीकरण र लैङ्गिक मूल प्रवाहीकरणमा पुऱ्याउने योगदान,

(ङ) आयोजनाको पूर्व तयारीको अवस्था र सम्पन्न हुन लाग्ने समय,

(च) प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा पुऱ्याउने योगदान।

**(आ) क्षेत्रगत आधारः**

(क) चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा पुग्ने योगदान,

(ख) दिगो विकासका क्षेत्रगत लक्ष्य हासिलमा पुऱ्याउने सहयोग।

४. **आयोजनाको पहिचान, प्रस्ताव तथा विश्लेषणः** ❋(१) प्रदेश सरकारका जिल्लास्थित कार्यालयले आगामी आर्थिक वर्षमा कार्यान्वयन गर्ने आयोजनाका लागि यस कार्यविधि बमोजिम आवश्यक विवरण खुलाइ हरेक वर्ष श्रावण १ गते देखि मंसिर मसान्तसम्म आयोजना प्रस्ताव दर्ता गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिमा सरोकारवालाले सार्वजनिक हित र सरोकार रहेको विषयमा आफ्नो क्षेत्रभित्र कुनै आयोजना पहिचान गरी त्यस्तो आयोजना प्रदेश सरकारबाट कार्यान्वयन गर्न आवश्यक ठानेमा सम्बन्धित कार्यालयमा आयोजना माग प्रस्ताव पेश गर्नुपर्नेछ।

❋(३) उपदफा (१) बमोजिमको अवधिमा स्थानीय तहले आफ्नो स्रोतबाट कार्यान्वयन गर्न नसक्ने प्राविधिक रूपमा जटिल र ठूला प्रकृतिका आयोजना प्रदेश सरकारबाट कार्यान्वयन गर्न आवश्यक ठानेमा कार्यपालिकाबाट निर्णय गराई सम्बन्धित कार्यालयमा आयोजना माग प्रस्ताव पेश गर्न सक्नेछ।

---

❋ दोस्रो संशोधनद्वारा संशोधित

(४) उपदफा (१) बमोजिमको अवधिमा सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रभित्र कुनै आयोजना सञ्चालन गर्न आवश्यक र उपयुक्त ठानेमा सोको प्रस्ताव प्रदेशको सम्बन्धित बिषयगत कार्यालयमा पेश गर्न सक्नेछ।

(५) उपदफा (२), (३) र (४) बमोजिमको प्रस्तावमा समावेश नभएका तर कार्यालयले आफ्नो नियमित कार्यसम्पादनको क्रममा अध्ययन विश्लेषण गरी उपयुक्त ठहरिएका सङ्गठनको मूलभूत उद्देश्य पुरा गर्न सघाउने प्रकृतिका आयोजना (स्टक प्रोजेक्ट) लाई उपदफा (७) बमोजिम अभिलेख राखी छनोट प्रकियामा लैजान बाधा पर्ने छैन। यसरी छनोट प्रक्रियाको लागि तयार गरेका आयोजनाको छुट्टै अभिलेख राखु पर्नेछ।

(६) उपदफा (२) वा (३) वा (४) बमोजिम आयोजना प्रस्ताव गर्दा अनुसूची-२ बमोजिमको ढाँचामा फाराम भरी सम्बन्धित कार्यालयमा आयोजना माग प्रस्ताव पेश गर्नुपर्नेछ। जिल्ला स्थित कार्यालय नभएको निकायको हकमा भने प्रदेश सरकारको सम्बन्धित मन्त्रालयमा माग गर्न सकिनेछ।

(७) आयोजनासँग सम्बन्धित कार्यालय र मन्त्रालयले उपदफा (२) वा (३) वा (४) बमोजिम माग भएको आयोजनाको विवरणको आधारमा अनुसूची-३ बमोजिमको ढाँचामा कागजात सहित अभिलेख राख्नु पर्नेछ।

❋(८) दफा ६ बमोजिम कार्यालयमा पेश हुन आएका आयोजना प्रस्तावको आवश्यकता अनुसार फिल्ड भिजिट गरी प्रारम्भिक परीक्षण (इनिसियल स्क्रिनिङ) बाट सम्भाव्य देखिएका आयोजना प्रस्ताव गर्दा तोकिएको प्रकृया र मापदण्ड पूरा भएको अवस्थामा कुनै पनि स्थानीय तह नछुट्ने गरी तथा दफा ६ को उपदफा (५) बमोजिमको कार्यालयको अध्ययनबाट उपयुक्त ठहरिएका आयोजनालाई कार्यालयले अनुसूची-४ बमोजिमको ढाँचामा विवरण तयार गरी माघ १५ गतेभित्र दफा ६ को उपदफा (१) बमोजिमको समिति समक्ष पेस गर्नुपर्नेछ।

---

❋ दोस्रो संशोधनद्वारा संशोधित

(९) यस दफा बमोजिम कार्यालयबाट प्रस्ताव भई नआएका तर प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भएका, प्रदेश सरकारको नीति तथा कार्यक्रमको प्राथमिकतामा परेका, प्रदेशको आवधिक योजना र प्रादेशिक तथा राष्ट्रिय नीति अनुरूपको लक्ष्य वा उद्देश्य प्राप्तिमा सघाउ पुऱ्याउने तथा दिगो विकासको राष्ट्रिय लक्ष्य प्राप्तिमा प्रत्यक्ष सहयोग पुग्ने प्रकृतिका संभाव्यता अध्ययन पुरा गरेका सार्वजनिक सरोकारका आयोजनाको विकास, विश्लेषण मूल्याङ्कन तथा छनोट विषयगत मन्त्रालयले गर्न सक्नेछ।

⌘(१०) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भएका आयोजना बाहेक विषयगत मन्त्रालयबाट प्रस्ताव गरिने आयोजना कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ को दफा ५ को उपदफा (१) बमोजिमको क्षेत्र र लागतको सीमाभन्दा कम हुने छैन।

⌘(११) आयोजना कार्यान्वयन गर्ने कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका आयोजना बैंकमा रहेका आयोजनाको अद्यावधिक सूची आफ्नो वेवसाइट वा सूचना पाटीमा प्रकाशन गर्नुपर्नेछ। आयोजना बैंक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टि भएका आयोजनासँग दोहोरो नपर्ने गरी प्रस्ताव गरिएका नयाँ आयोजनालाई मात्र छनोट प्रकृयामा लगिनेछ।

५. **आयोजना लागत रकमको सीमाः** ❋(१) साना सिंचाइ तर्फका आयोजना बाहेक सडक पूर्वाधार र लिफ्ट प्रणालीका सिंचाइ तथा खानेपानी आयोजनाको हकमा पचास लाख र सो बाहेक अन्य आयोजनाको हकमा बीस लाख भन्दा कम लागत रकम भएका नयाँ आयोजना प्रदेश सरकारबाट कार्यान्वयन हुने गरी छनोट प्रक्रियामा लगिने छैन।

---

⌘ दोस्रो संशोधनद्वारा थप

❋दोस्रो संशोधनद्वारा संशोधित

(२) उपदफा (१) को लागत रकमको सीमा भन्दा कमको आयोजनाको हकमा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहबाट कार्यान्वयन हुने गरी आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

❁(३) लागत साझेदारी वा जनसहभागितामा कार्यान्वयन हुने गरी प्रस्ताव भएका आयोजनाको हकमा आयोजना प्रस्तावकले कुल आयोजना लागतको न्यूनतम दश प्रतिशत स्रोत व्यहोर्ने प्रतिबद्धता गरेको हुनु पर्नेछ।

६. **जिल्लास्तरीय आयोजना प्रस्ताव छनोट सिफारिस समिति:** ❁(१) दफा ४ को उपदफा (८) बमोजिम पेस हुन आएका आयोजनाहरूका सम्बन्धमा छलफल, अन्तरक्रिया तथा विश्लेषण गरी प्रस्तावित आयोजनाहरू बिचमा क्षेत्रगत तथा भौगोलिक सन्तुलन हुने र दोहोरो नपर्ने गरी दफा ७ को उपदफा (४) बमोजिमको सीमाभित्र रही उपयुक्त आयोजना प्रस्तावहरू छनोटका लागि विषयगत मन्त्रालयमा सिफारिस गर्न प्रत्येक जिल्लामा मन्त्रालयगत रूपमा रहने गरी देहाय बमोजिम एक छनोट सिफारिस समिति रहनेछ।

(क) प्रत्यक्ष तर्फबाट निर्वाचित प्रदेशसभाका ज्येष्ठ सदस्य - संयोजक

(ख) प्रदेशसभाका अन्य सदस्यहरू - सदस्य

(ग) जिल्ला समन्वय समिति प्रमुख र उपप्रमुख - सदस्य

(घ) स्थानीय तहका प्रमुख र उपप्रमुख - सदस्य

(ङ) कार्यालय प्रमुख सम्बन्धित विषयगत कार्यालय/निर्देशनालय - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सञ्चालन कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) को खण्ड (क) को सदस्य अनुपस्थित भएमा उपस्थित प्रदेश सभा सदस्यमध्ये जेष्ठ सदस्यले समितिको संयोजकको रूपमा कार्य गर्नेछ।

---

❁ दोस्रो संशोधनद्वारा संशोधित

❋(४) उपदफा (१) को समितिको सदस्य सचिवले संयोजकसँग परामर्श गरी सचिवालयमा दफा ४ को उपदफा (८) बमोजिम आयोजनाको प्रस्ताव प्राप्त भएको मितिले पाँच दिनभित्र समितिका सदस्यलाई वैठक सञ्चालन हुने मिति, समय, स्थान तथा बैठकको कार्यसूची सहितको जानकारी वैठक हुने मितिको कम्तिमा सात दिन अगाडि दिनुपर्नेछ।

❋(५) आयोजनासँग सम्बन्धित विषयगत कार्यालयले उपदफा (१) बमोजिमको समितिबाट छनोट भएका आयोजनाहरूको एकीकृत सूची तयार गर्दा जिल्लास्थित सचिवालयले विगत तीन आर्थिक वर्षको औषत बजेट रकम वा आयोजना सङ्ख्याको बढीमा तीन गुणासम्म आयोजना छनोट गरी अनुसूची-४ बमोजिमको विवरण फागुन पन्ध्र गतेभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्नेछ। यसरी प्राप्त आयोजनाको अनुसूची-५ बमोजिमको विवरण आयोजना बैङ्कमा फागुन मसान्तसम्म प्रविष्टि गरी सोको विवरण सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ।

⌘(५)क जिल्लास्थित सिफारिस समितिमा आयोजना छनोटको लागि प्रस्ताव भएका आयोजना आफ्नो कार्यक्षेत्रभित्र भए नभएको एकिन गरी अन्य मन्त्रालयको कार्यक्षेत्र भित्रका आयोजना भए सोको विवरण सम्बन्धित निकायमा पठाउने।

(६) उपदफा (५) बमोजिमको अवधिभित्र आयोजना सिफारिस हुन नसकेमा जिल्ला स्थित कार्यालयले प्राप्त हुन आएका आयोजना प्रस्तावहरूलाई प्रारम्भिक परीक्षण गरी उपयुक्त देखिएका आयोजनाहरूलाई विषयगत मन्त्रालयमा पेश गर्न बाधा पर्नेछैन।

(७) उपदफा (१) बमोजिमको समितिको सचिवालयको रूपमा सम्बन्धित विषयगत कार्यालय/निर्देशनालयले कार्य गर्नेछ।

---

❋ दोस्रो संशोधनद्वारा संशोधित

⌘ दोस्रो संशोधनद्वारा थप

तर, कुनै विषयगत मन्त्रालयको जिल्ला स्थित एक भन्दा बढी कार्यालय रहेको खण्डमा विषयगत मन्त्रालयले तोकेको कार्यालयले अन्य कार्यालयसँग समन्वय गरी सचिवालयको रूपमा काम गर्नुपर्नेछ।

७. **<u>विषयगत मन्त्रालयको जिम्मेवारीः</u>** ❋(१) जिल्लास्थित कार्यालयबाट आयोजना बैङ्क प्रणालीमा प्रविष्टि भएका आयोजनाको विवरण प्राप्त भएको मितिले ७ दिनको त्रुटी सच्याउने अवधि दिई सो पश्चात आयोजनाको विश्लेषण गरी रुजु (भेरिफाइ) तथा स्वीकृत (एप्रुभ) गर्ने।

(२) दफा ६ को उपदफा (१) बमोजिम जिल्लास्थित एक भन्दा बढी विषयगत कार्यालय भएमा समितिको सचिवालय तोकी समयमा समितिको बैठक सञ्चालन गर्न निर्देशन दिने लगायतका कार्यमा आवश्यक सहयोग र सहजीकरण गर्ने।

❋(३) मातहतका जिल्लास्थित कार्यालयहरूलाई आयोजना प्रस्ताव, प्रारम्भिक परीक्षण तथा अन्य पूर्वतयारीका लागि क्षमता विकास, कार्ययोजना निर्माण तथा बजेट व्यवस्थापन लगायतका कार्यमा सहयोग गर्ने।

❋(४) मातहतका जिल्लास्थित आयोजना कार्यान्वयन कार्यालयले विगत तीन आर्थिक वर्षमा औसत बजेट रकम अन्तर्गत कार्यान्वयनमा ल्याएका आयोजना सङ्ख्याको बढीमा तीन गुणासम्म रकमका आयोजनाको सीमा तोक्ने।

(५) जिल्लास्थित कार्यालयमा आयोजना छनोट प्रक्रियामा कुनै द्विविधा वा समस्या उत्पन्न भएमा सोको तत्काल समाधान गरी नियमित कार्यसम्पादनको प्रबन्ध मिलाउने।

---

❋ दोस्रो संशोधनद्वारा संशोधित

८. **<u>आयोजनाको प्रारम्भिक छनोट तथा सिफारिस समितिः</u>** ❋(१) विभागीय मन्त्रीको मार्गदर्शनमा रही दफा ६ को उपदफा (५) वा (६) बमोजिम जिल्लास्थित कार्यालयबाट आयोजना बैङ्कमा प्रविष्टि भएका आयोजना र दफा ४ को उपदफा (९) बमोजिम पहिचान भएका आयोजनाको समेत उपलब्ध हुन सक्ने सम्भाव्य बजेट सीमा र संस्थागत क्षमताका आधारमा आयोजना स्वीकृती तथा प्रमाणित गरी आयोगमा सिफारिस गर्न विषयगत मन्त्रालयमा देहाय बमोजिमको समिति रहनेछः-

(क) प्रदेश सचिव, - संयोजक

(ख) योजना तथा अनुगमन महाशाखा प्रमुख, - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख, - सदस्य

(घ) खरिद शाखा/इकाई प्रमुख, - सदस्य

(ङ) योजना तथा अनुगमन शाखा प्रमुख, - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिले कार्यसम्पादन गर्दा कुनै विषयमा विज्ञसेवा आवश्यक पर्ने ठानेमा सोको निर्णय गरी विज्ञ सेवा लिन सक्नेछ।

❋(३) उपदफा (१) बमोजिमको समितिले मन्त्रालयमा प्राप्त आयोजनामध्ये अनुसूची-५ बमोजिम चेकलिष्टमा उल्लिखित विवरण प्रणालीमा प्रविष्टी भए नभएको रुजु (भेरीफाइ) गरी उपयुक्त देखिएका आयोजना प्रमाणित (एप्रुभ) गरी विभागीय मन्त्री समक्ष स्वीकृतीका लागि पेस गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले आयोजना छनोट गरी भौगोलिक क्षेत्र, जिल्लागत एवम् स्थानीय तहगत सन्तुलन कायम गर्न अनुसूची-६ बमोजिमको ढाँचामा जिल्लागत/स्थानीय तहगत आयोजनाको विवरण सहितको प्रतिवेदन तयार गरी विभागीय मन्त्रीबाट स्वीकृत गराई अभिलेख राख्नु पर्नेछ।

---

❋ दोस्रो संशोधनद्वारा संशोधित

❋(५) उपदफा (४) बमोजिमको मन्त्रीबाट स्वीकृत भएका आयोजनाको विवरण अनुसूची-७ बमोजिमको ढाँचामा मूल्याङ्कनको लागि प्रणाली मार्फत चैत्र मसान्तभित्र आयोगमा पठाउनु पर्नेछ।

(६) यो कार्यविधि लागु हुनुभन्दा अघि वा यस कार्यविधि अनुसार कुनै आयोजनाको एक खण्ड वा चरण छनोट भइ कार्य सम्पन्न भएपछि पुनः सोही आयोजनाको अर्को खण्ड वा चरण कार्यान्वयन गर्नुपर्ने भएमा उक्त खण्ड वा चरणलाई पनि नयाँ आयोजना सरह मानी यस कार्यविधि अनुसारको सम्पूर्ण प्रक्रिया अलम्वन गर्नुपर्नेछ।

९. **आयोगको भूमिकाः** ❋(१) दफा ८ को उपदफा (५) बमोजिम प्राप्त भएका आयोजनाहरूको मूल्याङ्कन, विश्लेषण, प्राथमिकीकरण तथा पुनःप्राथमिकीकरण आयोगले गर्न सक्नेछ। यस कार्यका लागि आयोगमा देहाय बमोजिम एक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | आयोगको उपाध्यक्ष | - संयोजक |
| (ख) | आयोगको सदस्य | - सदस्य |
| (ग) | प्रदेश सचिव, मन्त्रालय | - सदस्य |
| (घ) | प्रदेश सचिव, विषयगत मन्त्रालय | - सदस्य |
| (ङ) | योजना तथा अनुगमन महाशाखा प्रमुख, विषयगत मन्त्रालय | -सदस्य |
| (च) | प्रशासकीय प्रमुख, आयोग | - सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले कार्यसम्पादन गर्दा कुनै विषयमा विज्ञसेवा आवश्यक पर्ने ठानेमा सोको निर्णय गरी विज्ञ सेवा लिन सक्नेछ। समितिले आयोजनाको मूल्याङ्कन गर्दा अनुसूची-८ बमोजिमको ढाँचामा गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजनाको मूल्याङ्कन गर्दा ७५ वा सो भन्दा बढी अङ्क प्राप्त भएमा पहिलो प्राथमिकता ($P_1$)

❋ दोस्रो संशोधनद्वारा संशोधित

र ७५ भन्दा कम अङ्क प्राप्त भएमा दोस्रो प्राथमिकताको ($P_2$) आयोजना कायम गर्नु पर्नेछ। आयोजनाको प्राथमिकीकरण गर्ने सम्बन्धमा अङ्क गणनाको ढाँचा अनुसूची-९ बमोजिमको हुनेछ।

(४) उपदफा (३) बमोजिम आयोजनाको प्राथमिकीकरण गरी सोको जानकारी बैशाख मसान्तभित्र सम्बन्धित मन्त्रालयलाई दिनुपर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको प्राथमिकताको आधारमा बार्षिक बजेटको सीमाभित्र रही सम्बन्धित मन्त्रालयले आयोजनाको कार्यान्वयन गर्न बजेट प्रस्ताव गर्नुपर्नेछ।

⌘ (६) यो कार्यविधि कार्यान्वयनका सम्बन्धमा आयोगको भूमिका देहाय बमोजिम हुनेछः

क. विषयगत मन्त्रालयसँगको समन्वयमा आयोजना बैङ्कमा रहेका आयोजनाको संख्या र विवरण अध्यावधिक गरी अभिलेख राख्ने विवरण सुरक्षित राख्ने,

ख. विषयगत मन्त्रालयसंगको समन्वय र परामर्शमा आयोजना बैंकमा रहेका आयोजनाहरूको परिक्षण तथा मूल्यांकन गरी अनुपयुक्त देखिएका आयोजना प्रणालीबाट हटाउने,

ग. विषयगत मन्त्रालयको समन्वय र सहकार्यमा आयोजना बैंकमा रहेका आयोजनाको विवरण अद्यावधिक गरी आयोजनाको सूची आफ्नो र विषयगत मन्त्रालयको वेवसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाउने,

घ. विषयगत मन्त्रालयसँगको सहकार्यमा आयोजना प्रस्ताव तथा छनोट सम्बन्धी प्रक्रियाको

---

⌘ दोस्रो संशोधनद्वारा थप

अभिमूखीकरण तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,

ङ. यस कार्यविधि अनुसार विषयगत मन्त्रालयलाई आयोजना प्रस्ताव तथा छनोट प्रक्रियामा समन्वय, परामर्श र सहजीकरण गर्ने,

च. आयोजना छनोट प्रक्रियाका विकृति तथा कमीकमजोरीहरूलाई हटाउँदै यस प्रक्रियालाई पारदर्शी, सहभागितामूलक, सुदृढ गर्दै संस्थागत गर्ने,

छ. आयोजना बैङ्क व्यवस्थापन प्रणालीलाई थप सरलीकृत, स्वचालित एवम् प्रणालीबद्ध गर्ने।

## परिच्छेद-३
## विविध

१०. **संघीय समपूरक तथा विशेष अनुदानबाट सञ्चालित आयोजनाः** नेपाल सरकार र प्रदेश सरकारको साझेदारीमा सञ्चालन हुने समपूरक तथा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना नेपाल सरकार समक्ष प्रस्ताव गर्दा विषयगत मन्त्रालयबाट यस कार्यविधि अनुसार छनोट प्रक्रिया पुरा गरी आयोजना बैङ्कमा समावेश भएका आयोजना मध्येबाट मन्त्रालयको सहमति लिई प्रदेश सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्नु पर्नेछ।

११. **आयोजना बैङ्क र रकमको सीमाः** (१) प्रदेश सरकारबाट सञ्चालन गरिने पचास लाख भन्दा माथिको लागत सीमा भएका आयोजना अनिवार्य रूपमा आयोजना बैङ्कमा प्रविष्टि गर्नु पर्नेछ।

(२) यस कार्यविधि लागू हुनु अघि छनोट भई कार्यान्वयनको चरणमा रहेका उपदफा (१) मा उल्लिखित लागत सीमा भन्दा बढिका आयोजनाहरू आयोजना बैङ्कमा अध्यावधिक नभएमा यो कार्यविधि लागू भएको मितिले ३ महिनाभित्र सम्बन्धित मन्त्रालयले आयोजना बैङ्क प्रणालीमा अनिवार्य रूपमा प्रविष्टि गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको आयोजना बैङ्क सञ्चालन सम्बन्धी मापदण्ड तथा प्रयोग पुस्तिका (युजर म्यानुअल) आयोगले निर्धारण गरे बमोजिम हुनेछ।

*(४) विषयगत मन्त्रालयले उपदफा (१) बमोजिमको लागत रकमको सीमा भन्दा कम तर दफा ५ को उपदफा (१) मा उल्लिखित रकमको सीमा भन्दा बढीका नयाँ तथा क्रमागत आयोजनाको सूची (प्रोजेक्ट रोष्टर) तयार गरी प्रणालीमा छुट्टै देखिने गरी अभिलेख राख्नु पर्नेछ।

१२. **आयोजना कार्यान्वयन नगरिने:** (१) प्रदेश सरकारबाट दफा ११ मा व्यवस्था भएबमोजिम बाहेकका अन्य आयोजनाहरू कार्यान्वयन हुने गरी विषयगत मन्त्रालयबाट आयोजना प्रस्ताव गर्न पाइने छैन।

(२) उपदफा (१) विपरित हुने गरी आयोजना छनोट तथा बजेट विनियोजन प्रक्रियामा संलग्न पदाधिकारीबाट काम हुन गएमा दफा १३ को आचारसंहिता उल्लङ्घन गरेको मानिनेछ।

१३. **आचारसंहिता पालना:** (१) आयोजनाको माग, छनोट, मूल्याङ्कन, विश्लेषण, प्राथमिकीकरण तथा बजेट विनियोजन प्रक्रियामा संलग्न कर्मचारी, जनप्रतिनिधि वा अन्य सरोकारवालाले आफ्नो जिम्मेवारी निर्वाह गर्दा स्वार्थहीनता, सदाचारिता, स्वच्छता, इमान्दारिता, वस्तुगतता, निष्पक्षता, तटस्थता, पारदर्शिता र जवाफदेहिता जस्ता सिद्धान्तहरू अवलम्वन गरी सार्वजनिक हित र सरोकारको विषयलाई उच्च प्राथमिकता दिनुपर्नेछ।

(२) उपदफा (१) अनुसारको प्रक्रियामा संलग्न कुनै कर्मचारी, जनप्रतिनिधि वा अन्य कुनै व्यक्तिले आफ्नो जिम्मेवारी निर्वाहका क्रममा आफ्नो निजी वा परिवारको स्वार्थ वा आफ्नो लगानी वा हित रहेको कम्पनी वा व्यवसायलाई मात्र लाभ पुऱ्याउने वा पक्षपोषण हुने गरी काम गर्नु हुँदैन। यस्तो परिस्थिति आएमा आफ्नो तालुक निकाय वा तहमा जानकारी गराई अलग रहनु पर्नेछ।

---

* दोस्रो संशोधनद्वारा संशोधित

१४. **प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बनः** यस कार्यविधि बमोजिम छनोट तथा बजेट विनियोजन भएका आयोजना कार्यान्वयन गर्दा प्रचलित खरिद कानूनमा उल्लेख भएबमोजिम प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गरी कार्यान्वयन गर्नुपर्नेछ।

१५. **यस कार्यविधि अनुरूप भएको मानिनेः** यो कार्यविधि लागू हुनुभन्दा अघि जुनसुकै प्रकारले छनोट भई कार्यान्वयनको चरणमा रहेका आयोजना पनि यसै कार्यविधि अनुरूप छनोट भएको मानिनेछ।

✦१५क. **विशेष व्यवस्थाः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्ष २०८१/८२ मा छनोट भई आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने आयोजनाको प्रस्ताव, सिफारिस, छनोट र प्राथमिकीकरणको समयसीमा देहायबमोजिम हुनेछ।

(क) दफा ४ को उपदफा (८) मा उल्लिखित समिति समक्ष पेश गर्ने समयसीमा चैत्र मसान्तसम्म हुनेछ।

(ख) दफा ६ को उपदफा (५) मा उल्लिखित आयोजनाहरूको एकीकृत सूची तयार गरी सम्बन्धित मन्त्रालयमा विवरण पेश गर्ने समयसीमा बैशाख ७ गतेसम्म हुनेछ।

(ग) दफा ८ को उपदफा (५) मा उल्लिखित आयोजना बैङ्कमा प्रविष्टी गरी सोको जानकारी आयोगमा पठाउनुपर्ने समयसीमा बैशाख २१ गतेसम्म हुनेछ।

(घ) दफा ९ को उपदफा (४) मा उल्लिखित आयोजनाको प्राथमिकीकरण गरी सोको जानकारी सम्बन्धित मन्त्रालयलाई दिनुपर्ने समयसीमा जेष्ठको ७ गतेसम्म हुनेछ।

---

✦ पहिलो संशोधनद्वारा थप

१६. **अनुसूचीमा संशोधनः** आवश्यकता अनुरूप मन्त्रालयको परामर्शमा आयोगले यस कार्यविधिको अनुसूचीमा आवश्यक संशोधन गर्न सक्नेछ।

१७. **बाधा अड्काउ फुकाउने:** यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै ⊙............... बाधा अड्काउ परेमा मन्त्रालयको सहमतिमा आयोगले आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

⊙ पहिलो संशोधनद्वारा संशोधित

## ⌘अनुसूची-१
### (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)
### विषयक्षेत्रगत आधार

| क्र.सं. | प्रमुख विषय क्षेत्र | उपक्षेत्रहरू (पूर्वाधार निर्माणसँग सम्बन्धित) |
|---|---|---|
| १. | आर्थिक क्षेत्र | १.१ कृषि, १.२ उद्योग, १.३ पर्यटन, १.४ वाणिज्य तथा आपुर्ति, १.५ खानी तथा खनिज सम्पदा, १.६ सहकारी क्षेत्र, १.७ पशुपंक्षी तथा मत्स्य विकास, १.८ भूमि व्यवस्थापन, १.९ वन तथा जैविक विविधता, १.१० जलाधार संरक्षण |
| २. | सामाजिक क्षेत्र | २.१ शिक्षा तथा स्वास्थ्य २.२ खानेपानी, सरसफाई तथा ढल व्यवस्थापन २.३ युवा तथा खेलकुद २.४ संस्कृति तथा सम्पदा संरक्षण २.५ सेवामूलक सामुदायिक क्षेत्र |
| ३. | पूर्वाधार क्षेत्र | ३.१ शहरीकरण, ग्रामीण विकास तथा बस्ती व्यवस्थापन, ३.२ सिँचाई पूर्वाधार, ३.३ जलउत्पन्न प्रकोप व्यवस्थापन, ३.४ जलविद्युत, ३.५ सौर्य तथा अन्य नवीकरणीय उर्जा, ३.६ यातायात पूर्वाधार विकास ३.७ विज्ञान तथा प्रविधि, ३.८ सूचना तथा सञ्चार प्रविधि, ३.९ भवन निर्माण ३.१० सडक तथा पुल, केवुलकार ३.११ पोडवे, ३.१२ जल यातायात, |
| ४. | अन्तरसम्बन्धित क्षेत्र | ४.१ गरिबी निवारण, ४.२ श्रम तथा रोजगार, ४.३ वातावरण तथा जलवायु परिवर्तन, ४.४ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन |

⌘ दोस्रो संशोधनद्वारा थप

## ⌘अनुसूची-२
### (दफा ४ को उपदफा (६) सँग सम्बन्धित)
### प्रदेशस्तरीय आयोजना प्रस्ताव फारमको ढाँचा

मितिः

श्री प्रमुखज्यू,
..................कार्यालय/निर्देशनालय/मन्त्रालय,
...........जिल्ला।

**विषयः- प्रदेशस्तरीय आयोजना प्रस्ताव गरिएको बारेमा।**

१. प्रस्तावित आयोजनाको नामः-...................

२. आयोजना स्थलः- जिल्लाः-.................... प्रदेश निर्वाचन क्षेत्र-.......
गाउँपालिका/नगरपालिकाः- वडा नं. .............
टोल :..........................

(क) .............................

(ख) .............................

(आयोजनाको अनुमानित लम्बाई (सडक वा अन्य आवश्यक पर्नेमा)- ............ कि.मि., सुरु स्थानः-............. अन्तिम स्थानः-...........)

३. आयोजना प्रकृतिः- (नयाँ/क्रमागत/मर्मतसम्भार/पुनःनिर्माण/सुदृढीकरण/स्तरोन्नति)

४. योजनाको किसिमः- (कृषि/पर्यटन पूर्वाधार/शिक्षा/स्वास्थ्य/खेलकुद/सडक/खानेपानी/सिँचाई........)

५. सम्भाव्यता अध्ययन/विस्तृत अध्ययन/वातावरणीय अध्ययन

(क) भएको :....................

(ख) नभएको :..............

(ग) आवश्यक नपर्ने : ............

६. आयोजनाबाट लाभान्वित हुने अनुमानितः- घरधुरी संख्या ........ जनसङ्ख्या-........ जग्गा/क्षेत्रफलः-........

---

⌘ दोस्रो संशोधनद्वारा थप

आयोजना माग गर्नुपर्ने कारणः-

(क) ......................................

(ख) .....................................

७. आयोजनालाई आवश्यक पर्ने अनुमानित क्षेत्र (जग्गा) को विवरणः- ........................

८. निर्माण गर्नुपर्ने संरचनाहरूको विवरणः-

(क) ...............................

(ख) ...............................

९. आयोजना निर्माण भएपछि हुनसक्ने लाभः-.................................

१०. विवाद भए/नभएकोः-................................

११. अनुमानित लागत (पूर्वानुमान गर्न सकिनेमा) .............................

१२. अन्यः.........................

माग गर्ने सरोकारवाला/स्थानीय तह/प्रदेश सभा सदस्यको नाम, ठेगानाः-

छाप/दस्तखतः-

## ※अनुसूची-३

### (दफा ४ को उपदफा (७) सँग सम्बन्धित)

### आयोजना प्रस्ताव सङ्कलन फारमको ढाँचा

कार्यालयको नामः .................................                                   जिल्लाः-.................................

| क्र.सं. | दर्ता मिति | माग भएका आयोजनाको नाम र ठेगाना | गा.पा./न.पा. | वडा नं. | टोल | आयोजनाको प्रमुख विषय क्षेत्र | लाभान्वित जनसङ्ख्या | अनुमानित लागत | माग गर्ने सरोकारवाला/स्थानीय तह/प्रदेश सभा सदस्यको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ........ | ............ | ....... | ...... | ....... | ........... | ........ | ...... | .............. | ..... |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |

**तयार गर्ने**
नामः-
पदः-
दस्तखतः-

**रुजु गर्नेः**
नामः-
पदः-
दस्तखतः-

**प्रमाणित गर्ने**
नामः-
पदः-
दस्तखतः-

***पुनश्चः***

१. आयोजनाको प्रमुख विषयक्षेत्रमा अनुसूची-१ बमोजिमको क्षेत्र उल्लेख गर्नुपर्नेछ,

२. तालुक निकायबाट प्राप्त विवरण समेत यसै फारममा सङ्कलन गर्नुपर्नेछ,

३. कार्यालयको कार्यक्षेत्र एकभन्दा बढी जिल्ला भएमा जिल्लागत रूपमा छुट्टै फारममा विवरण सङ्कलन गर्नुपर्नेछ।

---

※ दोस्रो संशोधनद्वारा थप

## ⌘अनुसूची-४

## (दफा ४ को उपदफा (८) र दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

## छलफल तथा अन्तरक्रियाबाट सम्भाव्य देखिएका आयोजनाको विवरण

कार्यालयको नाम.....................................

जिल्लाः- ............................ प्रदेश निर्वाचन क्षेत्रः-.........................

| क्र. सं. | आयोजनाको नाम | गा.पा./ न.पा | वडा नं | टोल | अनुमानित लागत | सरोकार वालाले माग गरेको | स्थानीय तहबाट प्रदेशस्तरीय आयोजनाको रूपमा माग गरिएको | प्रदेश सभा सदस्यले माग गरेको | प्रदेशको कार्यक्षेत्रमा परेको | सम्भाव्यता अध्ययन भएको | एकभन्दा बढी स्थानीय तहलाई लाभ पुग्ने | प्रदेशको आवधिक योजनामा योगदान गर्ने (नतिजा खाका नं.) | विकास निर्माणमा जनसहभागिताको योगदान | दिगो विकास लक्ष्यमा टेवा पुग्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**तयार गर्ने**
नामः-
पदः-
दस्तखतः-

**रुजु गर्नेः**
नामः-
पदः-
दस्तखतः

**प्रमाणित गर्ने**
-नामः
पदः-
-दस्तखतः

**पुनश्चः**

१. जिल्ला स्थित विषयगत कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका आयोजनाको विवरण तयार गर्नुपर्नेछ।

२. आयोजनाको विवरण तयार गरी एक प्रति जिल्लास्तरीय आयोजना प्रस्ताव छनोट सिफारिस समिति समक्ष पेस गर्नुपर्ने ।

---

⌘ दोस्रो संशोधनद्वारा थप

## ⌘अनुसूची-५
## (दफा ६ को उपदफा (५) र दफा ८ को उपदफा (३) सँग सम्बन्धित)
## आयोजना सम्बन्धी विवरणको जाँच सूची (चेकलिष्ट)

**मन्त्रालय/निकायः**

**आयोजना/कार्यक्रमको नामः**

**आयोजना आइडीः**

| क्र. सं. | विवरण | भएको | नभएको | कैफियत |
|---|---|---|---|---|
| १ | प्रचलित कानून अनुसार आयोजनाको वातावरणीय प्रभाव अध्ययन (BEA/ IEE/ EIA) | | | आवश्यकता अनुसार |
| २ | आयोजनाको कुल लागत खुलेको (Estimating Cost of a Project) | | | |
| ३ | आयोजनाको विस्तृत ईन्जिनियरिङ्ग प्रतिवेदन (DER) वा विस्तृत आयोजना प्रतिवेदन (DPR) वा आयोजनाको प्रस्ताव (Project Proposal) को स्वीकृत प्रतिवेदन | | | आवश्यकता अनुसार |
| ४ | आयोजनाको लागि जग्गा प्राप्ति आवश्यक पर्ने भएमाः-<br>क. जग्गा प्राप्तिः | | | |
| | ख. प्राप्त नभएको भए सोको कार्ययोजना (Land Acquisition Plan) | | | |
| ५ | वार्षिक खरिद योजना (Annual Procurement Plan) | | | |
| ६ | आयोजनाको कार्यान्वयन कार्ययोजना (Implementation Work Plan) | | | |
| ७ | नतिजा खाका (Result Framework) | | | |
| ८ | अनुगमन तथा मूल्याङ्कन योजना (Monitoring & Evaluation Plan) | | | |

⌘ दोस्रो संशोधनद्वारा थप

क्र.सं. १ र ३ को विवरण पेस गर्दा स्वीकृत गर्ने निकाय, संस्था र मिति देहायको ढाँचामा खुलाउनु पर्नेछ।

| **प्रतिवेदनको नाम** | **स्वीकृत गर्ने निकाय** | **स्वीकृत कर्ताको पद** | **स्वीकृत मिति** |
|---|---|---|---|
| वातावरणीय प्रभाव अध्ययन (BEA/ IEE/ EIA) प्रतिवेदन | | | |
| आयोजनाको विस्तृत विवरण (DER/ DPR) प्रतिवेदन | | | |

| **<u>तयार गर्ने :</u>** | **<u>रुजु गर्ने:</u>** | **<u>प्रमाणित गर्ने:</u>** |
|---|---|---|
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |

## अनुसूची-६
## (दफा ८ को उपदफा (४) सँग सम्बन्धित)
## निर्माणाधीन एवम् प्रस्तावित आयोजनाको जिल्लागत विवरण

मन्त्रालयको नामः-

आयोजनाको क्षेत्रः-

आ.व.:-

| क्र.सं. | जिल्ला | स्थानीय तहको नाम | निर्माणाधीन/ क्रमागत आयोजनाको | | छनोट भएका वा प्रस्तावित आयोजनाको | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | लागत/ठेक्का सम्झौता रकम | सङ्ख्या | लागत अनुमान |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**पुनश्चः**

१. जिल्लागत रूपमा जम्मा आयोजना सङ्ख्या र लागत खुल्ने गरी प्रत्येक जिल्लाको विवरण अद्यावधिक रूपमा तयार गर्नुपर्नेछ। आयोजनाको क्षेत्र अन्तरगत जस्तै शिक्षा, स्वास्थ्य, सिँचाई, सडक आदि मध्ये कुनै एकवटा क्षेत्र खुलाउनु पर्नेछ।

२. विषय क्षेत्रगत रूपमा अलग-अलग फारममा विवरण तयार गर्नुपर्नेछ।

## अनुसूची-७
## (दफा ८ को उपदफा (५) सँग सम्बन्धित)
## मन्त्रालयबाट आयोगमा पठाउने आयोजनाको विवरणको ढाँचा

कर्णाली प्रदेश सरकार

................................ मन्त्रालय

मिति :

| क्र. सं. | आयोजनाको नाम र ठेगाना | आयोजना कार्यान्वयन हुने गा.पा./न.पा | अनुमानित लागत | आयोजनाको अवधि | माग/सिफारिस गर्ने निकाय | | | आयोजनाको विषय क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यालय | स्थानीय तह | प्रदेश सभा सदस्य | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**तयार गर्ने**
नामः-
पदः-
दस्तखतः-

**रुजु गर्नेः**
नामः-
पदः-
दस्तखतः

**प्रमाणित गर्ने**
नामः-
पदः-
दस्तखतः-

**<u>द्रष्टव्यः</u>** उल्लिखित ढाँचामा योजना शाखा प्रमुखले तयारी गरी महाशाखा प्रमुखबाट रुजु गराई लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गरी आयोगमा पठाउनु पर्नेछ ।

## अनुसूची-८
## (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)
## आयोजना विश्लेषण तथा मूल्याङ्कनको ढाँचा

आयोजनाको नामः

| (क) सामान्य आधार (७० अङ्क) | | | | | |
|---|---|---|---|---|---|
| सि. नं. | प्राथमिकीकरणका आधार | अन्तरसम्बन्ध | मूल्याङ्कन | | |
| | | | योगदान | पूर्णाङ्क | प्राप्ताङ्क |
| १. | प्रदेशको तीव्र आर्थिक वृद्धिमा पुऱ्याउने योगदान | चालु आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा र प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभ भएका क्षेत्रको उत्पादन, मूल्य अभिवृद्धि र आय वृद्धिमा पुऱ्याउने योगदान | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १५ | |
| | | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | १० | |
| | | | कम वा सामान्य (सामान्य) | ५ | |
| | | | योगदान नपुऱ्याएमा (न्यून) | ० | |
| २. | विकास निर्माणमा जनसहभागिताको योगदान | निम्न क्षेत्र वा संस्थाहरू मध्ये कुनै एकको सहभागिता रहनेः<br>नागरिक समाज, सामुदायिक संस्था, गैरसरकारी संस्था, उपभोक्ता समूह वा सेवाग्राही, वास्थानीय तह, वा निजी क्षेत्र | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | ६ | |
| | | | कम वा सामान्य (सामान्य) | ३ | |
| | | | योगदान नपुऱ्याएमा (न्यून) | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | दिगो विकासका लक्ष्यहरू हासिल गर्न पुर्याउने सहयोग | दिगो विकास लक्ष्य १ (सबै प्रकारका गरिबीको अन्त्य) र लक्ष्य ८ (पूर्ण र उत्पादनमुलक रोजगारी प्राप्ति वा वृद्धि) मा पुऱ्याउने योगदान | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १० | |
| | | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | ६ | |
| | | | कम वा सामान्य (सामान्य) | ३ | |
| | | | कुनै सहभागिता नरहने (न्यून) | ० | |
| ४. | (क) क्षेत्रीय समावेशीकरणमा योगदान | मानव विकास सूचकाङ्कमा तलदेखि २५ औं स्थानसम्मका जिल्लाहरूमा सञ्चालन हुने आयोजना | अति उत्तम | ५ | |
| | | मानव विकास सूचकाङ्कमा २६ देखि ५० औं स्थानसम्मका जिल्लाहरूमा सञ्चालन हुने आयोजना | उत्तम | ३ | |
| | | मानव विकास सूचकाङ्कमा ५१ देखि ७५ औं स्थानसम्मका जिल्लाहरूमा सञ्चालन हुने आयोजना | सामान्य | २ | |
| | | मानव विकास सूचकाङ्कमा ७५ औं स्थानदेखि माथिका जिल्लाहरूमा सञ्चालन हुने वा क्षेत्रीय सन्तुलनमा स्पष्ट योगदान नपुऱ्याउने आयोजना | न्यून | ० | |
| | (ख) सामाजिक समावेशीकरण र | सामाजिक र लैङ्गिक मूलप्रवाहीकरण, समानता र सशक्तीकरणलाई बढवा दिने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | ५ | |
| | | | अप्रत्यक्ष र उल्लेखनीय (उत्तम) | ३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | लैङ्गिक मूलप्रवाहीकरणमा योगदान | | कम वा सामान्य (सामान्य) | २ | |
| | | | असन्तोषजनक (न्यून) | ० | |
| ५. | आयोजनाको पूर्व तयारी तथा सम्पन्न हुन लाग्ने समय *((क) वा (ख) मध्ये कुनै एकमा मूल्याङ्कन गरी अङ्क दिने) | **<u>चालु/निर्माणाधीन आयोजनाको लागि</u>**<br>चालु आ.व.को दोस्रो चौमासिकसम्मको भौतिक तथा वित्तीय प्रगति अवस्था वा आयोजना सम्पन्न हुने अवधि (कार्यान्वयन गर्न लाग्ने समय) | प्रगति ८०% भन्दा बढी वा आगामी आ.व.मा सम्पन्न हुने निश्चित रहेको (अति उत्तम) | **१५** | |
| | | | प्रगति ६५% देखि ८०%सम्म रहेको वा आगामी दुई वर्षमा सम्पन्न हुने निश्चित रहेको (उत्तम) | १० | |
| | | | प्रगति ५०% देखि ६५% सम्म रहेको वा आगामी दुई वर्षमा सम्पन्न हुने निश्चित रहेको (सामान्य) | ५ | |
| | | | प्रगति ५०% भन्दा कम रहेको वा आगामी चार वर्षमा पनि सम्पन्न हुने निश्चित नरहेको (असन्तोषजनक) | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **<u>नयाँ/प्रस्तावित आयोजनाको लागि</u>** आयोजना कार्यान्वयनको पूर्व तयारी कार्य | तयारी पूरा भएको (अति उत्तम) | *१५ | |
| | | | अन्तिम चरणमा रहेको (उत्तम) | *१० | |
| | | | कार्य भइरहेको (सामान्य) | *५ | |
| | | | कार्य नभएको (न्यून) | *० | |
| ६. | प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुऱ्याउने | प्रदेश तहको प्राथमिकता वा तुलनात्मक लाभ भएका प्रमुख दुई क्षेत्रको उत्पादन वा आय वृद्धिमा प्रत्यक्ष वा उल्लेखनीय योगदान पुऱ्याउने | अति उत्तम | १० | |
| | | माथिका विषयमा अप्रत्यक्ष वा उल्लेखनिय रूपमा योगदान पुर्याउने | उत्तम | ६ | |
| | | माथिका विषयमा कम वा सामान्य योगदान पुर्याउने | सामान्य | ३ | |
| | | माथिका विषयमा योगदान नपुर्याउने | न्यून | ० | |
| **सामान्य आधारको मूल्याङ्कनबाट प्राप्त गरेको प्राप्ताङ्क (क)** | | | | **७०** | |

(ख) क्षेत्रगत आधार (३० अङ्क)

| सि.नं. | प्राथमिकीकरणका आधार | अन्तरसम्बन्ध | मूल्याङ्कन | | |
|---|---|---|---|---|---|
| | | | योगदान | पूर्णाङ्क | प्राप्ताङ्क |
| **१. आर्थिक क्षेत्र (कृषि, उद्योग, वाणिज्य तथा आपूर्ति, खानी तथा खनिज, पर्यटन, वन, भूमि व्यवस्था, सहकारी)** | | | | | |
| १. | प्रदेशको चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा पुग्ने योगदान | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १५ | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्यून) | ० | |
| २. | दीगो विकासका क्षेत्रगत लक्ष्य हासिल गर्न पुऱ्याउने सहयोग, | **दिगो विकास लक्ष्य २** (भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण हासिल गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने) **लक्ष्य ८** (भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि हासिल गर्ने) **लक्ष्य ९** (औद्योगिकीकरण प्रवर्द्धन गर्ने), **लक्ष्य १५** (पारिस्थितिक प्रणालो दिगो उपयोग, वनजङ्गलको दिगो व्यवस्थापन गर्ने) र राजस्व वृद्धि र खर्च व्यवस्थापन | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | १५ | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्यून) | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| **२. सामाजिक क्षेत्र (शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा पोषण, महिला बालबालिका तथा समाज कल्याण, खानेपानी तथा सरसफाई, संस्कृति)** | | | | | |
| १. | प्रदेशको चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा पुग्ने योगदान | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्यून) | ० | |
| २. | दीगो विकासका क्षेत्रगत लक्ष्य हासिल गर्न पुऱ्याउने सहयोग, | दिगो विकास **लक्ष्य ३** (स्वस्थ्य जीवन जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने), **लक्ष्य ४** (सबैको लागि समावेशी तथा समतामूलक गुणात्मक शिक्षा सुनिश्चित गर्दै जीवन पर्यन्त सिकाईका अवसरहरू प्रवर्द्धन गर्ने), **लक्ष्य ५** (लैङ्गिक समानता हासिल गर्ने र महिला, किशोरी र बालिकाहरूको सशक्तीकरण गर्ने), **लक्ष्य ६** (खानेपानी र सरसफाई सेवाको उपलब्धताको दिगो सुनिश्चितता गर्ने), **लक्ष्य १०** (असमानता न्यून गर्ने) | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्यून) | ० | |

| | | | | | |
|---|---|---|---|---|---|
| **३. पूर्वाधार क्षेत्र (ऊर्जा, सिँचाई, सडक तथा यातायात, सहरी विकास, सूचना तथा सञ्चार तथा प्रादेशिक पूर्वाधार विकास)** | | | | | |
| १. | प्रदेशको चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा पुग्ने योगदान | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्यून) | ० | |
| २. | दीगो विकासका क्षेत्रगत लक्ष्य हासिल गर्न पुऱ्याउने सहयोग, | दिगो विकास **लक्ष्य ७** (धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने) **लक्ष्य ९** (समयानुकूल/उत्थानशील पूर्वाधारहरू निर्माण, नवप्रवर्तनलाई प्रोत्साहन गर्ने) **लक्ष्य ११** (शहर तथा मानव वस्तीहरूलाई सुरक्षित र दिगो बनाउने) | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्यून) | ० | |
| **४. सुशासन तथा संस्थागत क्षेत्र (सुशासन तथा क्षमता विकास, मानव अधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था** | | | | | |
| १. | | | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रदेशको चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा पुग्ने योगदान | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्यून) | ० | |
| २. | दीगो विकासका क्षेत्रगत लक्ष्य हासिल गर्न पुऱ्याउने सहयोग, | **लक्ष्य १०** (असमानता न्यून गर्ने, **लक्ष्य १६** (शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, सबैमा न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने) **लक्ष्य १७** (दिगो विकास कार्यान्वयनका उपायहरू/साधनहरूलाई सुदृढ गर्ने) | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्यून) | ० | |
| **५.** | **अन्तरसम्बन्धित क्षेत्र (गरिबी निवारण, श्रम तथा रोजगार, विपद् व्यवस्थापन, जलवायु परिर्तन, योजना तथा तथ्याङ्क)** | | | | |
| १. | प्रदेशको चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य | चालु आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूपको नतिजा प्राप्तिमा योगदान पुऱ्याउने | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | अनुरूप नतिजा प्राप्तिमा पुग्ने योगदान | | नगन्य (न्यून) | ० | |
| २. | दीगो विकासका क्षेत्रगत लक्ष्य हासिल गर्न पुऱ्याउने सहयोग, | दिगो विकास **लक्ष्य १** (गरिबीको अन्त्य गर्ने) **लक्ष्य ८** (उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने), **लक्ष्य १२** (दिगो उपभोग र उत्पादनका ढाँचाहरू सुनिश्चित गर्ने), **लक्ष्य १३** (जलवायु परिवर्तन र यसका असरहरूसँग जुध्न तत्काल कार्य अघि बढाउने) | प्रत्यक्ष र उल्लेखनीय (अति उत्तम) | **१५** | |
| | | | अप्रत्यक्ष तर महत्वपूर्ण (उत्तम) | १० | |
| | | | सामान्य (सामान्य) | ५ | |
| | | | नगन्य (न्यून) | ० | |
| **क्षेत्रगत आधारको मूल्याङ्कनबाट प्राप्त गरेको प्राप्ताङ्क (ख)** | | | | **३०** | |
| **आयोजनाको कुल प्राप्ताङ्क (क) + (ख)** | | | | **१००** | |

**द्रष्टव्यः**

१. यस अनुसूची बमोजिम आयोजनाको मूल्याङ्कन गर्दा अति उत्तम, उत्तम, सामान्य र नगन्य आधार (रेटिङ्ग स्केल) को मापदण्ड सम्बन्धित विषयगत मन्त्रालयले निर्धारण गरे अनुरूप हुनेछ।

२. आयोजनाको मूल्याङ्कन तथा विश्लेषण कर्ताले यस अनुसूची बमोजिम अति उत्तम वा नगन्यको रूपमा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नुपर्दा सोको कारण खुलाउनु पर्नेछ।

## अनुसूची–९
## (दफा ९ को उपदफा (३) सँग सम्बन्धित)
## आयोजनाको प्राथमिकीकरण गर्ने सम्बन्धमा अङ्क गणनाको ढाँचा

मन्त्रालयको नामः ......................     बजेट उपशिर्षक........................

| क. सं. | आयोजनाको नाम | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेशको तीव्र आर्थिक वृद्धिमा पुग्ने योगदान | विकास निर्माणमा जनसहभागिताको योगदान | दिगो विकासका लक्ष्यहरू हासिल गर्न पुर्याउने सहयोग | सामाजिक समावेशीकरण र लैङ्गिक मुल प्रवाहीकरणमा पुऱ्याउने योगदान (क)+(ख) | आयोजनाको पूर्व कार्यसम्पादन तथा कार्यान्वयन गर्न लाग्ने समय | प्रदेशको प्राथमिकता वा तुलनात्मक लाभका क्षेत्रमा योगदान पुर्याउने | चालु प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य र उद्देश्य अनुरूप नतिजा प्राप्तिमा पुग्ने योगदान | दिगो विकासको क्षेत्रगत लक्ष्य हासिल गर्न पुर्याउने सहयोग | कूल प्राप्ताङ्क | प्राथमिकता क्रम |
| | पुर्णाङ्क* | **१५** | **१०** | **१०** | **१०** | **१५** | **१०** | **१५** | **१५** | **१००** | |
| १ | गमगढी मिलिचौर सडक आयोजना | १५ | ६ | १० | ३ | १० | १० | १५ | १० | **७९** | P1 |
| २ | रामखोला सडक निर्माण | १० | १० | ६ | १० | ६ | ६ | १० | १० | **६८.०** | P2 |